**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहान ब्राजिलको राजकीय भ्रमणमा ब्रासीलिया पुग्नु भएको छ ।

- वित्त मंत्री निर्मला सीतारमणले समावेशी बहुपक्षीयतालाई अगाडि बढाउन ब्रिक्स एक महत्त्वपूर्ण प्लेटफर्म भएको बताउनु भएको छ I

- पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भारतले आफ्नो ऊर्जा क्षमताको स्तरोन्नति र विस्तारमा आफ्नो कुशलता बढाउन नर्वेमा विभिन्न परियोजनाहरूको खोजी गरिरहेको बताउनु भएको छ ।

- अमेरिकाले आफ्नो "मुक्ति दिवस" पारस्परिक टेरिफको कार्यान्वयन अर्को महिनाको पहिलो दिनसम्म स्थगित गरेको छ।

- थाइल्याण्डमा आयोजित एएफसी महिला एसियाली कप छनोट अभियानबाट फर्किएपछि भारतीय महिला राष्ट्रिय फुटबल टोलीलाई नयाँ दिल्ली विमानस्थलमा भव्य स्वागत गरियो ।

**प्रधानमंत्री मोदी- ब्रासीलिया**

प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहान ब्राजिलको राजकीय भ्रमणमा ब्रासीलिया पुग्नु भएको छ । विमानस्थलमा ब्राजिलका रक्षामन्त्री जोस मुसियो मोंटेरो फिल्होले उहालाई स्वागत गर्नु भयो । प्रधानमन्त्री नरेन्द्र मोदी ६ अनि ७ जुलाईमा रियो दि जेनेरियोमा दुई दिने ब्रिक्स शिखर सम्मेलनमा भाग लिएपछि ब्राजिल पुग्नु भएको छ । विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले सामाजिक सञ्जालमा प्रधानमन्त्री नरेन्द्र मोदी भारत र ब्राजिलबीचको बलियो साझेदारीको नयाँ पहलमा ब्राजिलको राजधानी पुग्नु भएको बताउनु भयो । उहाले प्रधानमन्त्री मोदीलाई परम्परागत ब्राजिलियन साम्बा रेगेको संगीतमय प्रस्तुतिले स्वागत गरिएको बताउनु भयो । प्रधानमन्त्रीले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भासँग पारस्परिक हितका क्षेत्रमा दुई देशबीचको रणनीतिक साझेदारी विस्तार गर्ने विषयमा द्विपक्षीय वार्ता गर्नु हुनेछ । वार्तामा व्यापार, रक्षा, ऊर्जा, अन्तरिक्ष, प्रविधि, कृषि, स्वास्थ्य र जनता-जनता सम्पर्कका मुद्दाहरू पनि समावेश हुने छन्। यसपछि प्रतिनिधि मण्डलस्तरीय वार्ता हुनेछ। दुई देशले आपसी हितका क्षेत्रमा सहयोग प्रवर्द्धन गर्न सम्झौतामा हस्ताक्षर गर्नेछन्। ब्राजिलका लागि भारतीय राजदूत दिनेश भाटियाले प्रधानमन्त्रीको द्विपक्षीय बैठकहरूमा चारवटा सम्झौतामा हस्ताक्षर हुने बताउनु भएको छ । यी समझदारीपत्रहरू आतंकवाद विरुद्ध लड्ने, गोप्य जानकारीको पारस्परिक आदानप्रदान, नवीकरणीय ऊर्जामा सहयोग र कृषि अनुसन्धानमा हुनेछन्।

BYTE

त्यसपछि प्रधानमन्त्री नामिबिया प्रस्थान गर्नु हुनेछ , जुन प्रधानमन्त्रीको पाँच राष्ट्रको विदेश भ्रमणको अन्तिम चरण हो। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो ब्राजिलको रियो भ्रमणलाई धेरै फलदायी रहेको बताउनु भयो । उहाले सामाजिक सञ्जाल पोस्टमा ब्रिक्स शिखर सम्मेलनमा व्यापक छलफल गरेको बताउनु भयो । उहाले ब्राजिलका राष्ट्रपति र ब्राजिल सरकारलाई ब्रिक्स अध्यक्षता मार्फत यस प्लेटफर्मलाई अझ प्रभावकारी बनाउन गरेको कामको लागि बधाई दिनु भयो । उहाले भन्नु भयो, विश्व नेताहरूसँगको द्विपक्षीय बैठकले विभिन्न देशहरूसँग भारतको मित्रतालाई प्रवर्द्धन गर्नेछ। यसअघि, रियो दि जेनेरियोमा भएको ब्रिक्स शिखर सम्मेलनमा वातावरण, COP 30 र विश्वव्यापी स्वास्थ्य सम्बन्धी सत्रमा प्रधानमन्त्रीले भन्नु भयो, पृथ्वी र मानव स्वास्थ्य एक अर्कासँग जोडिएका छन् र भारतीय समाजले पुस्तादेखि प्रकृतिलाई सम्मान गर्दै आएको छ। उहाले भारतको लागि जलवायु न्याय विकल्प नभएर नैतिक कर्तव्य रहेको बताउनु भयो ।

**वित्त मंत्री  निर्मला सीतारमण**

वित्त मंत्री  निर्मला सीतारमणले समावेशी बहुपक्षीयतालाई अगाडि बढाउन ब्रिक्स एक महत्त्वपूर्ण प्लेटफर्म भएको बताउनु भएको छ I  उहाले भन्नु भयो, यो सहयोगलाई बलियो बनाउनुपर्छ र विश्वव्यापी दक्षिणको आवाजलाई विश्वसनीय सुधारहरूको लागि जोड दिएर प्रवर्द्धन गर्नुपर्छ, विशेष गरी जब विश्वव्यापी संस्थाहरूले वैधता र प्रतिनिधित्वको संकटको सामना गरिरहेका छन्। वित्त मन्त्रीले  रियो दि जेनेरियोमा ब्रिक्स देशका वित्त मन्त्रीहरू र केन्द्रीय बैंक गभर्नरहरूको बैठकलाई सम्बोधन गर्नु हुदै  बलियो घरेलु माग, विवेकपूर्ण समष्टिगत आर्थिक व्यवस्थापन र लक्षित वित्तीय उपायहरू मार्फत भारतको वित्तीय क्षेत्रको लचिलोपनको उल्लेख गर्नु भयो । उहाले व्यापार र वित्तीय प्रतिबन्धहरूप्रति भारतको नीतिगत प्रतिक्रिया बजार विविधीकरण, पूर्वाधार-नेतृत्वको वृद्धिलाई प्रवर्द्धन र प्रतिस्पर्धात्मकता र उत्पादकता बढाउने उद्देश्यले संरचनात्मक सुधारहरू कार्यान्वयन गर्ने विषयमा ध्यान  केन्द्रित रहेको बताउनु भयो ।वित्तमंत्री  सीतारमणले ब्रिक्स वित्तमन्त्रीहरू र केन्द्रीय बैंक गभर्नरहरूको बैठक अवधि  रूसी वित्तमन्त्री एन्टोन सिलुआनोभसँगको भेटमा विशेष गरी वित्तीय क्षेत्रमा द्विपक्षीय सहयोगका साथै नयाँ विकास बैंकसँग सम्बन्धित मामिलाहरूमा छलफल गर्नु भयो । उहाले आफ्ना चिनियाँ समकक्षी लान फोआनसंग पनि भेट गर्नु भयो । उहाले  विश्वका दुई ठूला र द्रुत गतिमा बढ्दो अर्थतन्त्रका रूपमा, भारत र चीनसँग समावेशी विश्वव्यापी वृद्धि र नवप्रवर्तनलाई अगाडि बढाउने अपार सम्भावना रहेको बताउनु भयो ।

**हरदीप सिंह पुरी-नर्वे**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भारतले आफ्नो ऊर्जा क्षमताको स्तरोन्नति र विस्तारमा आफ्नो कुशलता  बढाउन नर्वेमा विभिन्न परियोजनाहरूको खोजी गरिरहेको बताउनु भएको छ । उहाले नर्वेको बर्गनमा रहेको नर्दर्न लाइट्स $CO_2$ टर्मिनलको भ्रमण गर्नु भयो । श्री पुरीले हाइड्रोकार्बन अन्वेषणको स्पेक्ट्रममा प्रविधिहरू, विशेष गरी नर्वेजियन ऊर्जा पेशेवरहरूद्वारा गहिरो समुद्री अन्वेषणको बारेमा छलफल गर्नु भयो । उहाले सामाजिक सञ्जाल पोस्टमा भन्नु भयो , सरकार प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारतमा गहिरो समुद्री प्रविधि इकोसिस्टम विकास गर्न प्रयासरत छ। श्री पुरीले भन्नु भयो,गहिरो समुद्री अन्वेषण, भूकम्पीय तेल सर्वेक्षण र कार्बन भण्डारण प्रविधिमा नर्वेको विशेषज्ञता भारतको महत्वाकांक्षी ऊर्जा रूपान्तरण एजेन्डासँग मेल खान्छ।

**सेबी**

वित्त  वर्ष २०२४-२५ मा इक्विटी डेरिभेटिभ्स खण्ड-EDS मा लगभग ९१ प्रतिशत व्यक्तिगत व्यापारीहरूले समग्र स्तरमा घाटा बेहोरेका छन्। यो जानकारी सेबीले व्यापारीहरूको नाफा र नोक्सानको तथ्याङ्कको विश्लेषणबाट दिएको हो । २०२३-२४ मा पनि यस्तै प्रवृत्ति देखिएको थियो। बजार नियामकले १ अक्टोबर  २०२४ मा इक्विटी सूचकांक डेरिभेटिभ्स ढाँचालाई बलियो बनाउन केही उपायहरू ल्याएपछि लगानीकर्ताहरूको घाटा कम हुन थालेको दाबी केही मिडिया रिपोर्टहरू पछि सेबीको यो विश्लेषण आएको हो। बजार नियामक सेबीले १ अक्टोबर २०२४ मा ल्याइएका इक्विटी सूचकांक डेरिभेटिभ्स ढाँचालाई बलियो बनाउनका लागि उपायहरूको तथ्यात्मक प्रभाव प्रस्तुत गर्न डिसेम्बर २०२४ देखि मई २०२५ सम्मको अवधिमा सबै लगानीकर्ताहरू र व्यक्तिगत लगानीकर्ताहरूको व्यापारिक गतिविधिको विश्लेषण गरेको छ।

**नागाल्याण्ड बर्षा**

नागाल्याण्डमा समयपूर्व आएको मनसुनले राज्यमा ठूलो विनाश निम्त्याएको छ। धेरै जिल्लाहरूमा अविरल वर्षाका कारण आएको बाढी र पहिरोले पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ। राज्य विपद् व्यवस्थापन प्राधिकरण-एस.डी.एम.ए.का अनुसार, घर, सडक, पुल, धानखेत र झुम खेतीमा क्षति पुगेको धेरै रिपोर्टहरू प्राप्त भएको छ । दिमापुरका धेरै क्षेत्रमा बाढी आएपछि जिल्ला विपद् व्यवस्थापन प्राधिकरण-डीडीएमएले राहत शिविरहरू स्थापना गरेको छ। विभिन्न निकायहरूले उद्धार कार्यहरू सक्रिय रूपमा सञ्चालन गरिरहेका छन्। ठूलो पहिरोले मोनलाई लोङलेङ जिल्ला जोड्ने सडक पूर्ण रूपमा क्षति पुर्याएको छ ।मोकोकचुङ जिल्लाको चाङ्की र लोङकोङ गाउँहरूमा पनि पहिरो गएको छ, जसले सडक र पाइपलाइनहरूमा क्षति पुऱ्याएको छ। टुएनसाङमा

राष्ट्रिय राजमार्ग-२०२ मा धेरै यात्रुहरू अलपत्र परेका छन्। यसैबीच, दिमापुर जिल्ला प्रशासनले अविरल वर्षाका कारण आएको बाढीमा एसडीआरएफसँगको सहकार्यमा उद्धार अभियान सुरु गरेको छ।

**अमरीका टैरिफ**

अमेरिकाले आफ्नो "मुक्ति दिवस" पारस्परिक टेरिफको कार्यान्वयन अर्को महिनाको पहिलो दिनसम्म स्थगित गरेको छ। यसले प्रभावित देशहरूलाई अमेरिकासँगको अन्तरिम व्यापार सम्झौताहरूलाई अन्तिम रूप दिन थप समय दिन्छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले अप्रिल २ मा घोषणा गरेको करले भारत लगायत धेरै देशहरूलाई असर गर्ने अपेक्षा गरिएको थियो, तर कार्यान्वयन ९० दिनको लागि स्थगित गरिएको थियो, जसले गर्दा व्यापारिक साझेदारहरूलाई जुलाई ९ सम्म सम्झौतामा पुग्न समय प्राप्त भएको थियो। ट्रम्पको सामाजिक सञ्जाल प्लेटफर्मबाट घोषणा गरिएको पछिल्लो विवरणले १४ देशहरूमा नयाँ कर दरहरूको रूपरेखा प्रस्तुत गर्दछ, जुन अगस्ट १ देखि लागू हुनेछ।

**नेपाल-पुरस्कार**

नेपालको राष्ट्रिय उद्यान तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. उदयराज शर्मालाई काठमाडौँ उपत्यकामा आयोजित एक समारोहमा रिन्पोछे न्गावाङ तेन्जिन जाङबु वातावरण संरक्षण पुरस्कारबाट सम्मानित गरिएको छ। डा. उदयराज शर्मा संरक्षण विज्ञ,वन तथा माटो संरक्षण मन्त्रालयका पूर्व सचिव हुन्। जलवायु परिवर्तन विरुद्ध स्थानीय संरक्षण प्रयासका लागि श्री शर्मालाई पुरस्कारमा ३ लाख रुपिया प्रदान गरियो । उहाँले सगरमाथा र नेपालका अन्य सबै संरक्षण क्षेत्रहरूको लागि 'पार्क एण्ड पिपुल्स बफर जोन' को अवधारणा प्रस्तुत गर्नु भयो।

**फूटबल**

थाइल्याण्डमा आयोजित एएफसी महिला एसियाली कप छनोट अभियानबाट फर्किएपछि भारतीय महिला राष्ट्रिय फुटबल टोलीलाई नयाँ दिल्ली विमानस्थलमा भव्य स्वागत गरिएको थियो। यसअघि, अखिल भारतीय फुटबल महासंघ-एआईएफएफले छनोटमा उत्कृष्ट प्रदर्शन गरेपछि टोलीलाई ४३ लाख रुपियाँ पुरस्कारको घोषणा गरेको थियो। ब्लू टाइग्रेसेसले मंगोलिया, टिमोर-लेस्टे, इराक र आयोजक थाइल्याण्ड विरुद्धका चारै खेल जितेर उत्कृष्ट अभियान चलाएको थियो। भारतले अब अर्को वर्ष मार्चमा अष्ट्रेलियामा आयोजना हुने एएफसी महिला एसियाली कपमा भाग लिनेछ।

****** ० ******